# Himalayan Distillery Ltd.

Birgunj, Parsa

QUALITY SYSTEM CERTIFICATION DNV·GL ISO 9001 | FOOD SAFETY SYSTEM DNV·GL ISO 22000 | ENVIRONMENTAL SYSTEM CERTIFICATION DNV·GL ISO 14001 | SAFETY SYSTEM CERTIFICATION DNV·GL OHSAS 18001 | MANAGEMENT SYSTEM CERTIFICATION DNV·GL GMP

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

## आ. ब. २०७७/७८ को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन (२०७७ श्रावण, भाद्र र आश्विन )

### १. वित्तीय विवरणः

क. यस कम्पनीको आर्थिक वर्ष २०७७/७८ को प्रथम त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात, नाफा–नोक्सान सम्वन्धी विवरण सम्पूर्ण शेयरधनीको जानकारीका लागि धितोपत्र दर्ता निश्कासन नियमावली २०७३ बमोजिम प्रकाशन गरिएको छ ।

ख. प्रमूख वित्तीय अनुपातहरुः

| | | |
|---|---|---|
| १. | प्रति शेयर आम्दानीः | *रु. १२९.६३ |
| २. | पी. ई. अनुपातः | रु. १३.९५ |
| ३. | प्रति शेयर नेट वर्थः | रु. २४९.१४ |
| ४. | प्रति शेयर कुल सम्पतिको अनुपातः | रु. २५४.३३ |
| ५. | तरलता अनुपातः | २.५३ |

* प्रति शेयर आम्दानी अनुपात annualized गरिएको ।

### २. व्यवस्थापकीय विश्लेषणः

क. हाल विश्व भरी फैलिएको कोभिड–१९ को महामारीले हाम्रो देश पनि प्रत्यक्ष प्रभावमा परेको अवस्थामा पनि कम्पनी व्यवस्थापनको उच्च सर्तकता, कुशल व्यवस्थापनबाट कम्पनीको कारोवार रकममा गत वर्षको यसै अवधिको भन्दा वृद्धि गर्न सफल भएका छौं । तथापी यस कोभिड–१९ को माहामारीको अवस्था यथावत रहेमा आगामी त्रैमासिक अवधिको कम्पनीको कारोबारमा भने नकारात्मक प्रभाव पर्न सक्ने आँकलन गरेका छौं ।

ख. कम्पनीको प्रशासनिक खर्चलाई मितव्ययी किसिमले गर्ने व्यवस्था मिलाईएको तथा उत्पादन लागत लगायत वित्तिय खर्चको पनि उचित व्यवस्थापनको कारणबाट गत वर्षको यसै अवधिको यस शिर्षकमा भएको खर्च भन्दा चालु यसै अवधिको खर्च कम हुन गएको छ ।

### ३. कानूनी कारवाही सम्बन्धी विवरणः

क. श्रम अदालत काठमाण्डौंमा केहि व्यक्ति उपरको मुद्धामा सम्वन्धित निवेदकहरु उपर जिल्ला अदालत, पर्सामा यस कम्पनीले कीर्ते जालसाजी मुद्धा दायरा गरेकोमा सो विवादमा सम्मानित जिल्ला अदालत पर्सावाट आम्सीक वादी दावी पुग्ने ठहराई फैसला भएको उपर कम्पनीले पुनरावेदन गरेको छ भने सोहीसँग सम्वन्धित श्रम अदालत काठमाण्डौमा रहेको मुद्धा विचाराधिन छ ।

ख. २०६८ श्रावण को मु.अ.कर सम्वन्धमा अन्तिम कर निर्धारण आदेश तथा आ.व. २०७२/०७३ को आय विवरण उपर ठूलाकरदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा उठान गरेको मु.अ.कर सम्वन्धी विषयमा चित्त नवुझि आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकन गरिएकोमा सो विषयहरुमा यस त्रैमासिक अवधिसम्म पनि कुनै निर्णय भएको जानकारी प्राप्त भएको छैन ।

ग. यस कम्पनीको Golden Oak नामक व्राण्डको स्विकृत लेवलको हुवहु हुने गरी नक्कल गर्ने र Golden Oak उल्लेख भएको वोतल प्रयोग गर्ने उद्योगहरुका विरुद्धमा उद्योग विभाग, त्रिपुरेश्वरमा आवश्यक कारवाहिको लागि दर्ता गरिएका केहि उजुरीहरु विचाराधिन अवस्थामा नै रहेका छन ।

घ. कम्पनीको नाममा दर्ता भएको Golden Oak ट्रेडमार्कको विवादको विषयमा उद्योग विभागवाट भएका केहि निर्णय उपर उच्च अदालत पाटनमा दायर गरेको पुनरावेदन हाल सम्म बिचाराधिन अवस्थामा नै रहेको छ ।

ङ. उपरोक्त विषय बाहेक यस त्रैमासिक अवधिमा कम्पनी, यसका संचालक, संचालक समिति विरुद्ध कोहि कसैले कुनै किसिमको मुद्धा दायरा गरेको जानकारी कम्पनीमा प्राप्त हुन आएको छैन ।

### ४. यस संस्थाको शेयर कारोबार सम्बन्धी विवरणः

क. खुला वजारको नीति, मूल्य र मान्यता अनुरुप कम्पनीको शेयर कारोवार हुने गरेको छ ।

ख. यस प्रथम त्रैमासिक अवधिमा कम्पनीको शेयर कारोबार तपशिल अनुसार भएको देखिन्छ । (श्रोतः .www.nepalstock.com.np)

| | |
|---|---|
| अधिकतम मूल्यः | रु. १,९४८.०० |
| न्यूनतम मूल्यः | रु. १,५९५.०० |

### ५. समस्या तथा चुनौतीः

यस वित्त विवरण अवधिमा कम्पनीले भोगेका समस्या तथा चुनौतीहरु तपशिल बमोजिम रहेका छन् ।

क. हाल विश्व स्तर हुदै देशमा फैलिएको कोभिड–१९ को महामारीको चपेटामा कम्पनी व्यवस्थापन, कामदार, कर्मचारीहरु समेत पर्न गएको । यसबाट मदिरा विक्री वितरणका क्षेत्र मानिएका होटेल, रेस्टुरेन्ट, बार, क्लब, पार्टीप्यालेस जस्ता स्थानहरु वढि नै प्रभावमा परेका भएता पनि कम्पनी व्यवस्थापनको उच्च सर्तकता, कुशल व्यवस्थापनका कारणबाट कम्पनीको कारोवार रकममा वृद्धि भएको भएता पनि यहि अवस्था रहेमा आगामी दिनहरुमा कम्पनीको उत्पादन, विकी वितरण जस्ता कार्यहरु व्यवस्थित गरी कम्पनीको आर्थिक कारोवार सुदृढ गर्न चुनौतिपूर्ण रहेको छ ।

ख. यस प्रतिष्ठानले उत्पादन गरि रहेको र वजारमा उपभोक्ताले वढि रुचाएको Golden Oak नामक व्राण्डको मदिराको विक्री वितरणलाई प्रभाव पार्न र उपभोक्तालाई झुक्यानमा पारी आफूलाई आर्थिक फाईदा लिनका लागि वजारमा उस्तै लेवल, वोतल प्रयोग गर्ने, कम शक्ति र कम गुणस्तरको मदिरा उत्पादन गरि विकी वितरण गर्ने कार्य जारी नै रहेको छ । यसबाट उपभोक्ताको रोजाईमा परेको Golden Oak को ख्यातिमा असर पर्ने देखिन्छ । साथै कम्पनीको ट्रेडमार्क अंकित वोतलहरु प्रयोग गर्ने, सक्कली Golden Oak जस्तै लेवल बनाई विभिन्न नाम दिई उत्पादन गरी कम शक्ति र कम गुणस्तरको मदिरा विक्री वितरण गर्ने कार्यले निरन्तरता पाउने हो भने कम्पनीका उल्लेखित व्राण्डहरुको पहिचान यथावत रुपमा राख्न थप चुनौति थपिएको छ । यस्तो कार्यले निरन्तरता पाउने हो भने नेपाल सरकारलाई प्राप्त हुने राजश्वमा पनि प्रतिकूल प्रभाव पर्न सक्ने देखिन्छ ।

### ६. संस्थागत सुशासनः

कम्पनीले आन्तरिक लेखा परीक्षकको कार्यलाई मजबुत एवं व्यवस्थित बनाउनका लागि बाह्रय तथा स्वतन्त्र रुपमा लेखा परीक्षक नियुक्त गरी लेखा परीक्षण गर्ने कार्यलाई यस अवधिमा पनि निरन्तरता दिएको, कारखानामा उत्पादन हुने बस्तुहरु अन्तःशुल्क ऐन, नियमावली, निर्देशिका, मदिरा ऐन, नियम बमोजिम आम्दानी तथा खर्च लेखि दैनिक रुपमा खटिएका अन्तःशुल्क निरिक्षकको प्रत्यक्ष निगरानीमा कार्य गर्दै आएको, कम्पनीको आर्थिक कारोवारलाई व्यवस्थित, मर्यादित र पारदर्शी बनाउने कार्यमा लागि रहेका छौं । उद्योग रहेको क्षेत्र, स्थानिय निकायहरुसँगको सम्वन्ध सुमधुर कायम राख्न र वातावरणमैत्री कार्य गर्नका लागि उद्योग सदैव सचेत रहेको, कारखानाको उत्पादकत्वमा वृद्धि र गुणस्तर कायम गर्नका लागि र उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर, मूल्य आदिलाई सुक्ष्म रुपले अध्ययन गरी कार्य गर्ने गरिएको साथै सकेसम्म घटाउन सकिने खर्चहरुलाई व्यवस्थित गर्दै गई रहेको हुनाले कम्पनीको आर्थिक अवस्था सुदृढ राख्न सक्षम हुने विश्वास लिएका छौं ।

### ७. सत्य तथ्य सम्बन्धमा अध्यक्ष/प्रमुख कार्यकारीको उद्घोष :

यस त्रैमासिक अवधिको प्रतिवेदनमा उल्लेखित विवरणहरुको स्पष्टता र सत्यता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन चाहन्छु । मैले जाने बुझेसम्म यस प्रतिवेदनका विवरणहरुमा कुनै पनि सत्य, तथ्य लुकाईएको छैन । कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई सू–सूचित गराउनका लागि कुनै पनि आर्थिक विवरण तथा जानकारीहरु नलुकाइएको व्यहोरा समेत यहाँहरु समक्ष अवगत गराउदछु ।

**Provisional Statement of Financial Position as on 30th Ashoj, 2077 (1st Quarter)**

| Particulars | This Quarter Ending Rs. | Upto Previous Quarter Ending Rs. | Corresponding Previous Year Quarter Ending Rs. |
|---|---|---|---|
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 559,336,851 | 570,026,415 | 593,430,092 |
| Capital Work in Progress | - | - | - |
| Intangible Assets | 840,005 | 873,925 | 1,265,357 |
| Financial Assets - Advance for investment | 22,077,859 | 22,077,859 | 21,896,550 |
| Other non-current assets | 20,193,142 | 20,193,142 | 20,193,142 |
| **Total Non-Current Assets** | **602,447,856** | **613,171,341** | **636,785,141** |
| **Current Assets** | | | |
| Inventories | 323,310,353 | 429,842,396 | 425,529,941 |
| Financial Assets | | | |
| Trade & Other Receivable | 887,754,175 | 909,731,938 | 474,684,093 |
| Cash & Bank Balance | 173,152,852 | 12,131,959 | 8,166,197 |
| Other current assets | 51,546,261 | 22,440,714 | 47,116,774 |
| **Total Current Assets** | **1,435,763,641** | **1,374,147,007** | **955,497,006** |
| **Total Assets** | **2,038,211,497** | **1,987,318,348** | **1,592,282,147** |
| **Equity and Liabilities** | | | |
| **Equity** | | | |
| Share capital | **578,468,250** | **578,468,250** | **385,645,500** |
| Other equity - Reserve and surplus | 862,738,969 | 675,270,290 | 702,530,056 |
| **Total equity** | **1,441,207,219** | **1,253,738,540** | **1,088,175,556** |
| **Non-Current Liabilities** | | | |
| Financial liabilities - Borrowings | 1,469,761 | 1,956,030 | 4,966,412 |
| Deferred Tax Liabilities | 28,525,239 | 28,525,239 | 28,525,239 |
| **Total Non-Current Liabilities** | **29,994,999** | **30,481,269** | **33,491,650** |
| **Current Liabilities** | | | |
| Financial liabilities | | | |
| Borrowings | 136,859,109 | 150,395,638 | 141,050,944 |
| Trade payables | 108,295,185 | 118,551,724 | 98,868,661 |
| Other financial liabilities | 100,192,809 | 46,474,648 | 29,657,509 |
| Other current liabilities | 160,675,767 | 309,889,139 | 168,670,092 |
| Current tax liabilities | 60,986,408 | 77,787,391 | 32,367,735 |
| **Total Current Liabilities** | **567,009,278** | **703,098,539** | **470,614,941** |
| **Total Equity & Liabilities** | **2,038,211,497** | **1,987,318,348** | **1,592,282,147** |

**Provisional Statement of Profit or Loss for the Quarter ended as on 30th Ashoj, 2077 (1st Quarter)**

| Particulars | This Quarter Ending Rs. | Upto Previous Quarter Ending Rs. | Corresponding Previous Year Quarter Ending Rs. |
|---|---|---|---|
| Revenue from Sale of Goods | 623,368,895 | 2,340,389,493 | 406,139,757 |
| Less: Cost of Goods Sold | 257,464,036 | 1,087,636,816 | 156,813,329 |
| Less: Manufacturing Expenses | 6,366,297 | 68,121,327 | 15,663,178 |
| **Gross Profit** | **359,538,562** | **1,184,631,350** | **233,663,250** |
| Other Operating Income | 19,240,421 | 64,318,758 | 5,181,950 |
| **Total Income from Operations** | **378,778,983** | **1,248,950,108** | **238,845,200** |
| Employee benefit expenses | 48,877,693 | 158,246,880 | 40,072,177 |
| Administrative Expenses | 20,402,840 | 162,003,633 | 31,078,240 |
| Selling & Distribution Expenses | 44,687,405 | 223,856,082 | 18,900,709 |
| **Operating Profit** | **264,811,046** | **704,843,512** | **148,794,074** |
| Depreciation and Amortization | 11,829,748 | 49,744,496 | 12,133,880 |
| Finance Expenses | 1,345,488 | 29,474,615 | 5,712,706 |
| **Profit Before Tax** | **251,635,811** | **625,624,402** | **130,947,488** |
| Current Tax/Tax Adjustment | 64,167,132 | 159,534,222 | 33,391,609 |
| **Net Profit for the Period** | **187,468,679** | **466,090,179** | **97,555,879** |

**Financial Ratios**

| | | | |
|---|---|---|---|
| *Earning Per Share Ratio: Basic | **129.63** | **80.57** | **101.19** |
| *Earning Per Share Ratio: Diluted | **129.63** | **80.57** | **101.19** |
| Price Earning Ratio: | **13.95** | **19.85** | **14.60** |
| Net Worth Per Share Ratio: | **249.14** | **216.73** | **282.17** |
| Net Assets Per Share Ratio: | **254.33** | **222.00** | **290.85** |
| Liquidity Ratio: | **2.53** | **1.95** | **2.03** |

**Notes:**

- Account heads have been re-grouped/re-classified wherever necessary so as to comply the Nepal Financial Reporting Standards

* Earning Per Share annualized